प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/०६
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा १६०, भक्तपुरमा ५०, मकवानपुरमा ३२, चितवनमा २७, ललितपुरमा ६, , दोलखामा ४, काभ्रेपमान्चोकमा ३, नुवाकोटमा २, धादिङमा २ र सिन्धुलीमा १ गरी जम्मा २८७ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ ।

- आज सामाजिक विकास मन्त्री युवराज दुलाल ज्यूद्वारा धुलिखेलस्थित प्रदेश प्रयोगशालाको अनुगमन र निरिक्षण पश्चात तहाँ कोभिड-१९ को लागि पि.सि.आर परीक्षण सुरु गरिएको छ । यस कार्यले अबका दिनहरुमा थप परीक्षणको दायरा बढ्ने साथै संक्रमणको रोकथाम, नियेन्त्रणमा सहयोग पुग्नेछ । आज नै माननीय मन्त्री ज्यूले हाल दुधपाटीमा ३० बेड र खरिपाटीमा २०८ गरी २३८ बेड संचालनमा ल्याई कोभिड-१९ आइसोलेसन सेन्टरको रुपमा तयार गरिएको भक्तपुर अस्पतालको अनुगमन गरी हाल संक्रमणको अवस्थालाई मध्यनजर गर्दै उपत्यकामा भएको कोभिड-१९ संक्रमितका उपचारमा सहजता गराउनको लागि पाँच सय बेड विस्तार गर्न निर्देशन दिनुभएको छ ।
- हेटौंडा-४, मकवानपुरका ५६ वर्षिया पुरुषको भाद्र ४ गते राति चितवन मेडिकल कलेज, भरतपुरमा निधन भएको थियो । निमोनिया भई भाद्र ३ गते चितवन मेडिकल कलेजमा भर्ना हुनु भएको थियो, उहाँको भाद्र ५ गते कोरोना पुष्टी भएको हो ।
- भक्तपुर-८, भक्तपुरका ७३ वर्षिया पुरुषको आज विहान ११:४५ वजे मेडिकेयर अस्पताल, चावहिलमा निधन भएको थियो ।उहाँ खोकी तथा श्वास प्रश्वासमा समस्या भई भाद्र ५ गते अस्पतालमा भर्ना हुँदा स्वाव नमुना संकलन गरिएकोमा आज कोरोना पुष्टी भएको हो । उहाँ मृगौलाको समेत विरामी हुनुहुन्थ्यो।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब १४ प्रतिशत(१३.८८%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ३१११७ (१००%) | ४३२१ (१००%) |
| निको भएको | १८३५० (५८.९%) | ७४३ (१७.२)* |
| उपचाररत | १२६२१ (४०.६%) | ३५४७ (८२.१%)* |
| मृत्यु भएको | १४६ (०.५%) | ३१ (०.७%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/०६

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

### ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९९०४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ९४८ जना बस्दै आउनुभएको र १२२५ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा २४७५ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले १७६७ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७३९६ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ५१११६ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मासंकलित स्वाबसंख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | २९४ | ३४० | ११२३ | १२०७ | १०८६० | १०५२८ | ३३२ | २०८७१ | १६० | २४५५ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | ६ | ३९८ |
| भक्तपुर | ३१३ | १३ | १६५ | १२१ | ५७ | २३९६ | २३७६ | २० | ४२२६ | ५० | २४३ |
| रसुवा | २८८ | १२ | ० | ३५ | ० | ६९८ | ६८६ | १२ | ४१६ | | १४ |
| नुवाकोट | ११७७ | ८ | १० | ४० | १४ | ३२९२ | ३१०२ | १९० | २४३७ | २ | ७७ |
| धादिङ | ३१५ | ३० | २१ | ६२ | ११ | ३१३५ | २९९० | १४५ | १९१६ | २ | १७२ |
| चितवन | २४६५ | २०२ | १४४ | ३५५ | ८५ | १८३८ | १८२३ | १५ | ६७३७ | २७ | ३४१ |
| सिन्धुली | ३९२ | ७९ | ० | ४३ | १८ | १२३० | ११९६ | ३४ | १९८४ | १ | ६३ |
| मकवानपुर | ४०७ | ५४ | २८४ | १७७ | ९५ | १९३९ | १९१९ | २० | ४०३४ | ३२ | २९२ |
| रामेछाप | ५०० | ६५ | ० | १०४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | | ५४ |
| दोलखा | ९८६ | ६२ | २ | २७ | ० | १७४६ | १७३२ | १४ | ९७७ | ४ | ३४ |
| काभ्रेपलान्चोक | ८५१ | ५३ | ९५ | १०६ | ८८ | ३२८२ | ३२३२ | ५० | १७५७ | ३ | ८९ |
| सिन्धुपाल्चोक | ७८९ | ४५ | ८४ | ६१ | ५ | १४५८ | १४४५ | १३ | २७१७ | | ८९ |
| जम्मा | ९९०४ | ९४८ | १२२५ | २४७५ | १७६७ | ३७३९६ | ३६४८८ | ९०८ | ५१११६ | २८७ | ४३२१ |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | परिक्षण हुने क्रममा रहेको स्वाबको संख्या |
|---|---|---|---|---|---|
| | | | पोजिटिभ | नेगेटिभ | |
| १८५६३ | ० | ११९ | २३ | ९६ | ११५४ |

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण भइसकेको स्वाब (नमुना) मध्ये मकवानपुरको २०, नुवाकोटको २ र बाँकेको १ गरी जम्मा २३ वटा नमुनाको नतिजा पोजिटिभ आएको छ ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/०६

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/०६

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट व्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई